# नेपाल सरकार
# संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
# जिल्ला विकास समितिको कार्यालय
# रुपन्देही

## नदीजन्य पदार्थ उत्खनन् गरी बिक्री वितरण तथा ओसार पसार गर्ने कार्यको बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०७२।८।७

स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २१५, र २१८ एवं स्थानीय स्वायत्त शासन नियमावली (संशोधन सहित), २०५६ को नियम २०७ तथा २२औं जिल्ला परिषद्को निर्णय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट बिभिन्न मितिमा भएका परिपत्र साथै जिल्ला अनुगमन तथा समन्वय समितिबाट पटक पटक भएका निर्णय बमोजिम यस रुपन्देही जिल्ला विकास समितिले तोकिएका नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम जि.वि.स.ले तोकेको चार किल्ला/घाटगद्दीबाट नदीजन्य पदार्थ निकाली जिविसले तोकेको दरमा बिक्री गरि सो को बिक्री वापतको रकम जिविसलाई बुझाउन घाट/नाका अनुसार छुट्टा छुट्टै ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित नेपाल कानुन बमोजिम दर्ता भै प्रमाणपत्र लिएका ठेकेदार/फर्मले टेण्डर खरिद गरी तपसिलको शर्तका आधारमा आफूले लिन चाहेको ठेक्का र कबुल गरेको ठेक्का रकम स्पष्ट बुझिने गरी अंक र अक्षरमा खुलाई आफै वा आफ्नो प्रतिनिधिद्वारा छुट्टाछुट्टै ठेक्का नम्बर उल्लेख गरी सिलबन्दी बोलपत्र दिनु पर्नेछ । यसरी बोलपत्र दिंदा नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी समेत बोलपत्र साथ राखी आफूले बुझाउन कबुल गरेको ठेक्का अंकको ५%का दरले हुने धरौटी वापतको रकम यस जिल्ला विकास समितिको कार्यालयको नाममा कृषि विकास बैंक लिमिटेड भैरहवामा रहेको धरौटी ०४१४६०१०१५०२६०२८ खातामा जम्मा गरी सोको सक्कल भौचर वा स्थानीय निकाय आ.प्र. नियमावली २०६४ को नियम १६७(५) बमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा ठेक्का नं. समेत उल्लेख गरी जारी गरिएको कम्तीमा ७५ दिन म्याद भएको बैंक ग्यारेन्टी (बिड बण्ड) बोलपत्र साथ राखी निर्दिष्ट स्थानमा बोलपत्रदाताको सही छाप भएको सिलबन्दी बोलपत्र पेश गर्नु पर्ने छ । म्याद नाघी आएको र रीत नपुगेको बोलपत्र उपर कुनै कारवाही गरिने छैन । यस कार्यालयको छाप नभएको र कार्यालयको आधिकारीक पदाधिकारीबाट प्रमाणित नभएको बोलपत्र फारामलाई मान्यता दिईने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा रद्द गर्ने लगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घर दैलोमा सूचना टाँस भएको मितिले ७ दिन भित्र मु.अ.कर दर्ता प्रमाण पत्र समेत लिई ठेक्का अंकको प्रथम किस्ता वापत ४०% ले हुने रकम, अग्रिम आय कर र बाँकी ६०% ले हुने रकम बराबर नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको ०७३ साल श्रावण मसान्त सम्म म्याद भएको बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ । साथै अग्रिम रुपमा एकमुष्ठ कबुल अंक दाखिला गरेमा १०% (दश प्रतिशत) रकम छुट दिइने छ, तर कबोल अंकको ५% रकम अनिवार्य धरौटी राख्नु पर्नेछ । उक्त धरौटी वापतको रकम आन्तरिक राजश्व कार्यालयबाट कर चुक्ता प्रमाण पेश गरेपछि मात्र फिर्ता गरिने छ । तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी जफत हुनेछ । बोलपत्र दाखिला गर्न अगावै सम्बन्धीत बोलपत्र दाताले उत्खनन् गर्न तोकिएको स्थान निरीक्षण गरेर मात्र बोलपत्र दाखिला गर्नु पर्नेछ । पछी परिमाणमा कमी आएको भनी कुनै किसीमको दावी गर्न पाईने छैन । बोलपत्र खोलिने समयमा बोलपत्रदाता स्वयम् वा आफ्नो प्रतिनिधि उपस्थित हुनु पर्नेछ र टेण्डरदाता वा निजको प्रतिनिधि अनुपस्थित भए पनि जिल्ला प्रशासन कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधिहरुको रोहवरमा बोलपत्र खोल्न सकिने छ । ठेक्का सम्बन्धी शर्तहरु तथा अन्य विवरण बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछ ।

| सि.नं. | आय ठे.नं | नदी र घाटको नाम | चार किल्ला तोकिएको घाटगद्दीबाट बिक्री गर्नुपर्ने अनुमानित परिमाण घनफुटमा | कुल बिक्री मुल्य (जिविसको राजस्व, लागत र १५% ओभरहेड समेत) (मु.अ.कर बाहेक ) — अधिकतम बिक्री दर: नदिबाट निकाल्दा सबै परिमाणको रु. | अधिकतम बिक्री दर: १०% परिमाणको जिल्ला बाहिर निकासीमा थप रु. | बिक्रीबाट प्राप्त हुने अनुमानित आम्दानी | जम्मा न्युनतम अंक | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|---|---|
| १ | १३/ ०७२/०७३ | तिनाउ नदीको कनरी, हर्नैया, अमवा नाका | १२५१११७.०० | ५.७५ | २ | ७४४४१४६.१५ | ६५०५८०८.४० | ३०००.०० |
| २ | १४/ ०७२/०७३ | तिनाउ नदीको बाग्धुरा नाका - ति.न.पा.) | १६९२७७८.५० | ५.७५ | २ | १००७२०२९.१० | ८८०२४४५.६० | ३०००.०० |
| ३ | १५/ ०७२/०७३ | तिनाउ नदीको जितपुर नाका( ति.न.पा.) | ३८१०२४.०० | ५.७५ | २ | २२६७०९२.८० | १९८१३२४.८० | १०००.०० |
| ४ | १६ /०७२/०७३ | तिनाउ नदीको कौवा नाका | ८४८०४३.०० | ५.७५ | २ | ५०४५८५५.८५ | ४४०९८२३.६० | १०००.०० |
| ५ | १७ /०७२/०७३ | दानव नदीको कुट्टा नाका | ३७४७१७७.०० | ५.७५ | २ | २२२९५७०३.१५ | १९४८५३२०.४० | ३०००.०० |
| ६ | १८ /०७२/०७३ | दानव तथा तिनाउ नदीको बेतकुईया गाविसको वडा नं. ३ र ५ | २००७७८४.८० | ५.७५ | २ | ११९४६३१९.५६ | १०४४०४८०.९६ | ३०००.०० |
| ७ | १९ /०७२/०७३ | तिनाउ नदीको बेनीपुर नाका मझगाँवा. सक्रौनपकडी गाविस | १०९७२०८.०० | ५.७५ | २ | ६५२८३८७.६० | ५७०५४८१.६० | ३०००.०० |
| ८ | २० /०७२/०७३ | रोहिणी नदीको सिक्टहन नाका | ६३४६६२.८६ | ५.७५ | २ | ३७७६२४४.०२ | ३३००२४६.८७ | १०००.०० |
| ९ | २१ /०७२/०७३ | कंचन नदीको सालझण्डी गाविसमा पर्ने दक्षिण बरौली नाका | ५७९२९७.६० | ५.७५ | २ | ३४४६८२०.७२ | ३०१२३४७.५२ | १०००.०० |
| | | जम्मा | १२२३९०९२.७६ | | | ७२८२२५९८.९५ | ६३६४३२७९.७५ | ३०००.०० |

१. बोलपत्र विक्री हुने अन्तिम मिति, समयः — सूचना प्रकाशित भएको मितिले ३०औं दिनको कार्यालय समयसम्म ।

२. बोलपत्र दाखिला गर्ने अन्तिम मिति,समयः — सूचना प्रकाशित भएको मितिले ३१औं दिनको १२:०० बजे सम्म ।

३. बोलपत्र विक्री गर्ने स्थानः — जिविसको कार्यालय रुपन्देही र जिल्ला प्रशासन कार्यालय, रुपन्देही ।

४. बोलपत्र दाखिला गर्ने स्थानः — जिविसको कार्यालय रुपन्देही ।

५. बोलपत्र खोलिने स्थान, मिति, समयः — जिल्ला विकास समितिको कार्यालय रुपन्देहीमा बोलपत्र दाखिला गर्ने अन्तिम दिन दिउंसो १:०० बजे ।

- यो सूचनामा उल्लेख भएको कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली २०५६ (संशोधन सहित) र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ बमोजिम र नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ ।

- **EIA/IEE** शर्तहरु र नदीजन्य पदार्थ उत्खनन्, ओसार पसार बिक्री वितरण कार्यविधी २०७२ शर्तहरु पालना गर्नु पर्नेछ ।
- बोलपत्र फाराममा उल्लेख भएका **EIA/IEE** लगायतका सम्पूर्ण शर्तहरु पूर्वरुपमा पालना गर्नुपर्ने छ । **EIA/IEE** लगायतका शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ ।
- नेपाल सरकारको निर्णय अनुसार नदीजन्य पदार्थ विदेश निकासी बन्द भएको हुंदा यस ठेक्का लिएको कारणबाट विदेश निकासी गर्न पाईने छैन ।
- १० लाख घ.फु. सम्म परिमाण भएकाको हकमा २०७२ साल चैत्र मसान्त सम्म र सो भन्दा बढी परिमाण भएकाहरुले २०७३ साल जेष्ठ १४ गते सम्म मात्र उत्खनन् एवं बिक्री वितारण गर्न पाउने छ ।
- Pre Bid बैठक सूचना प्रकाशित मितिले १५औं दिन दिनको २.०० बजे जि.वि.स.को कार्यालयमा हुनेछ । इच्छुक बोलपत्रदातहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन विदा परेमा सोको भोली पल्ट सोही समयमा हुनेछ ।
- यस विषयमा विस्तृत जानकारीको लागि यस कार्यालयको **WebSite www.ddcrupandehi.gov.np** मा हेर्न सकिने छ साथै यस कार्यालयमा कार्यालय समयमा सम्पर्क राख्न सकिने छ ।
- बोलपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन विदा परेमा सोको भोलीपल्ट सोही समयमा हुनेछ ।

उपरोक्त ठेक्कामा निम्न बमोजिमका ठेक्का शर्तहरु कायम गरिएकोले उक्त शर्तहरु पालना गर्नु पर्नेछ ।

१. प्रचलित नेपाल कानुन बमोजिम मू.अ.करमा दर्ता भै प्रमाणपत्र लिएका ठेकेदार फर्महरुले टेण्डर खरिद गरी सूचना बमोजिमको शर्तका आधारमा दाखिला गर्नु पर्नेछ ।

२. बोलपत्रदाताले उपर्युक्त ठेक्काहरु छुट्टाछुट्टै खरिद गरि छुट्टा छुट्टै कबोल अंक उल्लेख गरि बोलपत्र पेश गर्नु पर्नेछ । न्यूनतम ठेक अंक भन्दा घटी कबोल गरि टेण्डर पेश गर्न पाईने छैन । बोलपत्रमा लेखिएका अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ । ठेकेदारबाट कुनै शर्त राखिएको र रित नपुगेको बोलपत्रमाथि कुनै कारवाही गरिने छैन ।

३. उपरोक्त न्यूनकतम अंकमा मूल्य अभिबृद्धि कर तथा अग्रिम आयकर समावेश नभएकोले ठेकेदारले रोयल्टी असुल गर्दा तोकिए बमोजिमको मुल्य अभिबृद्धि कर समेत असुल गर्नुपर्ने छ ।

४. सबै ठेक्काहरुमा सम्बन्धित ठेक्काको ठेक अङ्क ४०% ले हुने रकम, सोको मु.अ.कर वापतको रकम र १.५% ले हुने अग्रिम आयकर वापतको रकम एकमुष्ट ठेक्का सम्झौताका बखत जम्मा गर्नु पर्नेछ । बाँकी ६०% मध्ये दोश्रो किस्ता ३०% ले हुने रकम, सोको मु.अ.कर वापतको रकम ०७२ फागुन मसान्त वा कुल परिमाणको ५०% परिमाण विक्री मध्ये जुन पहिला हुन्छ सोही मितिमा र बांकी तेश्रो किस्ता वापतको ३०% ले हुने रकम, सोको मु.अ.कर वापतको रकम ०७३ बैशाख मसान्त वा घाटगद्दीको कुल परिमाणको ७५% परिमाण बिक्री मध्ये जुन पहिला हुन्छ सोही मितिमा बुझाउनु पर्नेछ । १० लाख घ.फु. सम्म परिमाण भएकाको हकमा २०७२ साल चैत्र १५ गते सम्म बुझाउनु पर्ने छ । ठेक्का सम्झौताका वखत बुझाउन बाँकी ६०% रकम बराबरको बैंक ग्यारेन्टी (नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बाणिज्य बैंकको मात्र २०७३ श्रावण मसान्त सम्म म्याद भएको फरफरमेन्स बण्ड) पेश गर्नु पर्ने छ ।

५. १० लाख घ.फु. सम्म परिमाण भएकाको हकमा २०७२ साल चैत्र मसान्त सम्म र सो भन्दा बढी परिमाण भएकाहरुले २०७३ साल जेष्ठ १४ गते सम्म मात्र उत्खनन् एवं विक्री वितारण गर्न पाउने छ ।

६. बोलपत्रदाताले ठेक्का अंकको सम्पूर्ण रकम एकमुष्ट सम्झौताको अवस्थामा दाखिला गरेमा कुल बोल अंकको १०% छुट दिन सकिने छ तर कबोल अंकको ५% रकम अनिवार्य धरौटी राख्नु पर्ने छ । उक्त धरौटी वापतको रकम आन्तरिक राजश्व कार्यालयको कर चुक्ता प्रमाण पेश गरेपछीमात्र फिर्ता गरीने छ ।

७. जि.वि.स. र ठेकेदार विच ठेक्का संचालन सम्बन्धी विवाद परि वा अन्य कुनै कारणबाट जि.वि.स.लाई तिर्नु पर्ने रकम बाँकी रही असुल उपर गर्नु परेमा वार्षिक १०% का दरले हर्जाना व्याज क्षतिपुर्ति र मुद्दा मामिला गर्दा हुने सम्पूर्ण खर्च समेत ठेकेदारबाट असुल उपर गरिने छ ।

८. तोकिएको किस्ता म्याद भित्र नबुझाएमा जि.वि.स.को तर्फ बाट ठेक्का तोडी घाटगद्दी बिक्री आदेश रोक्का गरी बाँकी रहेको किस्ता असुल उपर गर्ने तर्फ आवश्यक कानूनी कारवाही गरिने छ । मौज्दात रहेको नदीजन्य पदार्थ जिविसले सिधै लिलाम गरी असुल उपर गर्न बाँकी रहेको रकममा १०% थप क्षतिपुर्ति स्वरुप असुल गर्न सकिनेछ ।

९. कुनै हडताल, बन्द, नाकाबन्दी, चक्काजाम, स्थानीय विवाद वा यस्तै अन्य कारणबाट बस्तु निकासी नभएको वा अन्य कुनै कारणबाट घाटा भएको भनि कुनै प्रकारको मिन्हा वा छुट दावा गर्न पाईने छैन ।

१०. ठेक्का लिने ठेकेदारले दररेट सहितको सूचना बोर्ड सम्बन्धित घाटगद्दी स्थलमा राख्नु पर्नेछ ।

११. बालुवा, छर्री, ढुङ्गा, मिस्कट घाटगद्दीबाट ढुवानी गर्दा ३०० घ.फि. भन्दा बढी ढुवानी गर्न पाईने छैन ।

१२. ठेक्का कबुल गर्ने ठेकेदारले जि.वि.स.ले तोकेको दर बमोजिम घाटगद्दीबाट नदीजन्य पदार्थ बिक्री गर्दा जारी गर्ने विजकको सिलसिलेवार नम्बर उल्लेख भएका रसिदहरु आफ्नो तर्फबाट तीन प्रतिका दरले छपाई ती रसीदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ । कार्यालयबाट प्रमाणित नगरेको रसिदबाट कर उठाएको उजुरी वा जानकारी प्राप्त हुन आएमा नियमानुसार कारवाही गरिनेछ । यसरी ठेकेदारले कर दस्तुर असुल गरेको रसिदको विवरण प्रत्येक १५ दिनमा यस कार्यालयमा पेश गर्नु पर्नेछ ।

१३. नदीजन्यवस्तु संकलन तथा ढुवानी कार्यमा स्थानीयवासीहरुलाई प्राथमिकता दिई कार्य गराउनु पर्नेछ ।

१४. वातावरणमा प्रतिकुल प्रभाव पर्नेगरी कुनै कार्य गर्न पाईनेछैन । साथै वातावरण प्रभाव मुल्यांन **EIA/IEE** सम्बन्धी तल उल्लेखित शर्तहरुको पालना गर्नु पर्नेछ ।

१५. नदीजन्य पदार्थ निकासी गर्ने बाटोको सामान्य मर्मतको व्यवस्था ठेकेदार स्वयं गर्नु पर्नेछ । खर्चको दावा गर्न पाइने छैन ।

१६. नेपाल सरकारको निर्णय अनुसार नदीजन्य पदार्थ विदेश निकासी बन्द भएको हुंदा यस ठेक्का लिएको कारणबाट विदेश निकासी गर्न पाईने छैन ।

१७. Pre Bid बैठक सूचना प्रकाशित मितिले १५औं दिन दिनको २.०० बजे जि.वि.स.को कार्यालयमा हुनेछ । इच्छुक बोलपत्रदातहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन विदा परेमा सोको भोली पल्ट सोही समयमा हुनेछ ।

१८. नेपाल सरकार र जि.वि.स.ले समय समयमा दिएका निर्देशन पालना गर्नु पर्नेछ ।

१९. ठेकेदार र जिविस कार्यालय विच ठेक्का शर्त वा ठेक्का संचालन सम्बन्धी अन्य विषयमा कुनै विवाद उठेमा जिविसको निर्णय अन्तिम हुनेछ, यसमा ठेकेदारको कुनै उजुरी लाग्ने छैन ।

२०. ठेक्का समाप्त भए पछि आन्तरिक राजश्व कार्यालयको कर चुक्ता प्रमाण पत्र पेश गरेपछि मात्र धरौटी फिर्ता दिईने छ ।

२१. यस जि.वि.स.मा बक्यौता तिर्न बाँकी रहेका व्यक्ति वा फर्महरुले पुरानो बाँकी चुक्ता नगर्दा सम्म बोलपत्रमा भाग लिन पाउने छैनन् ।

२२. यो सूचनामा उल्लेख भएको कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली २०५६ (संशोधन सहित) र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ बमोजिम र नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ ।

२३. बोलपत्र खरिद गर्ने तथा दाखिला गर्ने दिन विदा परेमा सोको भोलीपल्ट खरिद तथा दाखिला गर्न सकिने छ ।

२४. यस विषयमा विस्तृत जानकारीका लागि जिविसको कार्यालयमा कार्यालय समयमा सम्पर्क राख्न सकिने छ ।

ठेकेदारले तोकिएको घाटगद्दीबाट बिकी गर्दा उठाउन पाउने दररेट र जिविसलाई बुझाउनु पर्ने रकम सम्बन्धी व्यवस्था

१. उल्लेखित कार्यको ठेक्कामा तोकिएको घाटगद्दीबाट बिकी वितरणका लागि एकमुस्ट बिकी आदेश लिई ठेकेदारले असुल गर्न पाउने नदीजन्य पदार्थको स्वीकृत दररेट प्रति घ.फू. रु. ५।७५ (मू.अ.कर बाहेक) हुने छ । जिल्ला बाहीर निकासी हुंदा थप प्रति घन फु रु. २।- गरी असुल गर्न सक्ने छ । तोकिएको घाटगद्दीमा उत्खनन् गरी विक्री गर्दा अनिवार्य रुपमा दररेट सहितको लेखिएको होर्डिङ्ग बोर्ड लगाई राख्नु पर्नेछ ।

२. सूचनामा उल्लेख गरिएको परिमाण भन्दा बढी उत्खनन गरी विक्री गरेमा बढी परिमाणको दामासाईले ठेकेदारबाट असुल उपर गरिने छ ।

३. न्यूनतम ठेक अंकमा बढाबढ भै ठेक्का स्वीकृत भएमा न्यूनतम ठेक अंकमा जुन प्रतिशतले बृद्धि भएको छ सोही प्रतिशतले घाटगद्दीबाट बिकी आदेश भएको परिमाणलाई बृद्धि भएको दररेटले हिसाव गरी जिविसलाई ठेकेदारले बुझाउनु पर्ने अंक कायम गरिने छ ।

**तिनाउ, दानव, कंचन र रोहीणी नदीहरुबाट नदीजन्य पदार्थ निकाल्दा स्वीकृत वातवरणीय प्रभाव मूल्याकंन प्रतिवेदन EIA/IEE कार्यान्वयन , संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट पटक पटक भएका निर्देशन र जिल्ला अनुगमन तथा समन्वय समितिबाट भएका निर्णयहरुका आधारमा ठेकेदारले पालना गर्नु पर्ने थप अनिवार्य शर्तहरु ।**

उत्खनन् र घाटगद्दी गर्दा ठेकेदारले पालना गर्नु पर्ने शर्तहरु

१. नदीजन्य पदार्थ उत्खनन गर्दा खटिएका प्राविधिकको प्रत्यक्ष निर्देशनमा हाते औजार र श्रममूलक प्रविधिको मात्र प्रयोग गर्नु पर्ने छ । भारी यान्त्रीक उपकरण प्रयोग गर्न पाईने छैन ।

२. नदीजन्य पदार्थ उत्खननको समय विहान ८ बजे देखि प्रारम्भ गरी साँझ ६ बजे सम्म मात्र कायम गरीएकोले सो पालना गर्नू पर्ने छ ।

३. तोकिएको अवधि र परिमाण भित्र ठेकेदारले उत्खनन् भएको परिमाण प्रमाणित गर्न जि.वि.स.मा निवेदन दिनु पर्नेछ ।

४. उत्खनन् गरि सके पछि छनौट गरि छाडीएको काम नलाग्ने बस्तु जुन स्थानबाट निकालीएको हो सोही स्थलमा लगी छाड्नु पर्ने छ । उत्खनन् गर्दा नदीको धार नवदलिने गरी उत्खनन् गर्नु पर्ने छ ।

५. उत्खनन् कार्यमा खटिने प्राविधिक र ठेकेदारले इ.आई.ए. का शर्तका अलवा अनुगमन समितिले दिइएको निर्देशन पालना गर्नुपर्ने छ ।

६. उत्खनन् गर्दा पानीको सतह भन्दा १५ से.मी. माथि छाड्नु पर्ने छ । उत्खनन् सम्बन्धी ई.आई.ए.का सवै सर्त पालना गर्नुपर्ने छ ।

घाट गद्दीबाट विकी वितरण तथा ओसार पसार गर्दा ठेकेदारले पालना गर्नु पर्ने सम्बन्धि शर्तहरु

१. घाट गद्दीबाट बिकी वा ओसार पसार गर्ने एकमुस्ट आदेश प्राप्त गरे पछि ठेकेदारले जिविसले तोकेको नमुनाको पटके बिकी आदेश बिजक संगै जारी गर्नु पर्ने छ । सो को अभिलेख तोकीएको ढाँचाको खातामा राखी पटके बिकी आदेशको एक प्रति र सो को परिमाण खुल्ने तेरीज तयार गरी जिविसको वातावरण शाखामा साप्ताहिक रुपमा

अनिवार्य रुपमा पेश गर्नु पर्ने छ । खाता तथा पटके बिक्री आदेश जिविसबाट नमुना लिई ठेकेदारले आफै छपाई गर्नु पर्ने छ

२. घाटगद्दीबाट नदीजन्य पदार्थ ओसार पसार गर्ने समय विहान ८ बजे देखि साँझ ६ बजे सम्म मात्र कायम गरीएकोले अन्य समयमा गर्न पाईने छैन ।

३. घाटगद्दीबाट नदीजन्य पदार्थ ढुवानी गर्ने सवारी, साधनहरुमा १२० घ.फु. सम्मको ट्रेक्टर ४०० घ.फु. सम्मको ट्रक/टिप्पर र बयल गाडी मात्रको प्रयोग गर्न पाउने ।

४. नदीजन्य पदार्थ ढुवानी गर्ने सवारीले ढुवानी अवधी भर प्रेसर हर्न प्रयोग गर्न पाउने छैन ।

५. नदीजन्य पदार्थ ढुवानी गर्ने सवारीले घाटगद्दी स्थलबाटै ढाकेर लैजानु पर्ने छ र सवारीको गती समेत ४० कि.मी. प्रतीघण्टा भन्दा बढीमा हाक्न पाउने छैन ।

६. मूलबाटोबाट घाटगद्दी तर्फ सवारी साधन प्रबेश हुने मार्गको नियमित मरमत गर्ने र धुलो उड्न नदीन नियमित पानी छर्कने कार्य ठेकेदारको तर्फबाट गर्नु पर्ने छ ।

७. भंसार सुविधा लिई दर्ता भएका रातो प्लेट का सवारी साधनले नदीजन्य पदार्थ भाडा वा ठेक्कामा ढुवानी गर्न समेत पाउने छैनन् । सो को अनुगमन ठेकेदार स्वयम्ले गर्नु पर्ने छ ।

८. नदी घाट वरीपरी रहेका स्थानीय नागरीकहरुको नदी संरक्षण तथा रेखदेख समिति गठन भै क्रियासील भएकाले नदी संरक्षणको कार्यमा संलग्न नदी संरक्षण समितिसंग ठेकेदारले समन्वय गर्नु पर्ने छ ।

९. उल्लेखित सबै व्यवस्थाहरु शर्तहरु पालना गराउने जिम्मेवारी ठेकेदारको हुने छ । कुनै पनि शर्त पालना नभएको पाईदा जिल्ला अनुगमन तथा समन्वय समितिको निर्णय बमोजिमको जरिवाना ठेकेदार बाटै असुल उपर गरिने छ ।

१०. घाटगद्दी गरिएको नदीजन्य पदार्थ लोड गरी ओसार पसार गर्ने क्रममा लोड सवारी साधन सडकमा पार्किङ्ग गर्न पाईने छैन ।

११. तोकिएको क्षेत्र वाहेक अन्यत्र स्थानबाट नदिजन्य पदार्थ उत्खनन् गरी बिक्री वितरण गरेको पाईएमा सोको परिमाण यकिन गरी ठेकेदारबाट दोब्बर राजश्व असुली गरीने छ ।